## बागमती प्रदेश सरकार, युवा तथा खेलकुद मन्त्रालयसँग सम्बन्धित आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

४७. बालबालिका तथा युवालाई लक्षित गरी लागू औषध दुर्व्यसन, जातीय विभेद, सामाजिक कुरीति, यौनिक तथा लैङ्गिक हिंसा, घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, बाल-विवाह, मानव बेचबिखन र विद्युतीय अपराध विरूद्ध सचेतना जगाउन **'हाम्रो ध्यान, युवा सचेतना अभियान'** सञ्चालान गरिनेछ ।

४८. सीप र दक्षताको आधारमा युवा जनशक्तिको अभिलेखीकरण गरी तालिम प्रदान गर्ने, तालिम प्राप्त जनशक्तिलाई स्वरोजगार तथा रोजगारीमा आवद्ध गर्ने नीति लिइनेछ । युवा जनशक्तिलाई प्रदेशको विकास अभियानमा स्वयम् सेवकको रूपमा परिचालन गरिनेछ । प्रदेशभित्र विशिष्ट योगदान गरेका युवाहरू र युवा वैज्ञानिकहरूलाई प्रोत्साहन र सम्मान गरिनेछ ।

४९. द्वन्द्व पिडित, घाइते अपाङ्ग, विभिन्न प्राण घातक रोग लागेका युवाहरूको लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। लागू औषध दुर्व्यसन तथा कुलतमा फसेका युवाहरूलाई सुधार गर्ने, मनोपरामर्श सेवा प्रदान गर्ने र समाजमा पुनर्स्थापना गर्ने नीति लिइनेछ । युवामा रहेको प्रतिभाको पहिचान गरी प्रोत्साहन गरिनेछ ।

५०. प्रदेश खेलकुद विकास र विस्तारका लागि प्रदेश खेलकुद परिषद् र स्थानीय तहसँगको सहकार्य र साझेदारीमा प्रदेश स्तरीय रंगशाला, कर्भडहल, फुटसल तथा खुला व्यायामशाला लगायतका खेल पूर्वाधारहरूको निर्माण र संरक्षणमा जोड दिइनेछ । नियमित रूपमा प्रदेशस्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । राष्ट्रिय खेलकुद प्रतियोगिता प्रदेशको तर्फबाट सहभागिताको लागि आवश्यक व्यवस्था मिलाइनेछ । खेलाडी, प्रशिक्षक तथा रेफ्रिलाई प्रशिक्षण, सम्मान र पुरस्कारको व्यवस्था मिलाइने छ ।

५१. एक स्थानिय तह एक खेलमैदान नीति लिइनेछ । हरेक माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाट एक जनालाई प्रशिक्षण प्रदान गरी खेलकुद शिक्षक तोक्ने व्यवस्था मिलाइनेछ ।

५२. मुख्यमन्त्रीसँग बालबालिका स्काउट कार्यक्रमको आयोजना गरिनेछ । साथै स्काउट सम्बन्धी सामग्री, तालिम, प्रशिक्षक प्रशिक्षण जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।